# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, चैत १५ गते २०६१ साल (संख्या ४९

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतलाई दातृ संस्था DANIDA/HUGOU बाट निःशुल्करूपमा प्राप्त हुने अमेरिकी डलर ४,५१२।५० मूल्य बराबरको फोटोकपी मेशिन आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले गस्ती परिचरहरूलाई मिति २०५७ साल श्रावण १ गतेदेखि लागू हुने गरी देहाय बमोजिमको तलब स्केल, ग्रेड रकम, ग्रेडसंख्या र अन्तिम तलबमान कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| शुरू तलब स्केल | ग्रेड रकम | ग्रेड संख्या | अन्तिम तलबमान |
|---|---|---|---|
| रू. ३,२००।– | रू. ९०।– | रू. १५।– | रू. ४६५०।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत पुल्चोक क्याम्पसलाई ओशाका विश्वविद्यालय जापानबाट उपहार स्वरुप प्राप्त हुने जापानी येन ३०,०००।- Data Logger Anomonetor आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी वन अनुसन्धान तथा सर्वेक्षण विभागलाई बाँस सम्बन्धी अनुसन्धान गर्नका लागि चीन सरकारबाट निःशुल्क प्राप्त हुने अमेरिकी डलर १,०००।- मूल्य बराबरको १२१० गोटा Bamboo Seedlings र ४ के.जी. Bamboo Seed आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

श्री ५ को सरकारले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ५२ को उपदफा(७) ले दिएको अधिकार प्रयोग गरी श्री ५ ज्ञानेन्द्र वीर विक्रम शाहदेव र २०६१ अङ्कित देहायबमोजिमको डिजाइन, नाप र तौल भएका असर्फीहरू निष्काशन गर्न नेपाल राष्ट्र बैङ्कलाई स्वीकृत दिएकाले यो सूचना प्रकाशन गरिएको छ।

अग्रभागः वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०६१ रही स्वस्तिक चिन्हभित्र श्री ५ ज्ञानेन्द्र वीर बिक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ।

पृष्ठभागः वरिपरि ६४ थोप्लाभित्र सबभन्दा माथि अर्धगोलाकार रूपमा मदन पुरस्कार गुठी, बीचमा मदन पुरस्कार गुठीको लोगो, लोगोको बायाँ असर्फी दायाँ नेपाल र सबैभन्दा तल स्वर्ण वर्ष २०६१ उल्लेख रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पेसिफिकेशन

| | |
|---|---|
| दर | असर्फी |
| तौल | ५ ग्राम $\pm$ ३० मि. ग्राम |
| धातु | शुद्ध सुन |
| व्यास | २३.५ मि.मि. |
| सिरेशन | धर्सो भएको |
| अधिकतम निष्काशन | २,००० थान |

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम ३२ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी चोयु हिमाल आरोहणको लागि नियमानुसार लाग्दै आएको सलामी रकममा सन् २००४ को डिसेम्बर १ देखि २००९ को नोभेम्बर ३० सम्मको अवधिका लागि ५० प्रतिशत छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २

श्री ५ को सरकारले पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम ३२ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी मकालु र कञ्चनजङ्घा हिमशिखरहरू प्रथम आरोहणको स्वर्ण महोत्सवको अवसरमा सन् २००५ को मार्चदेखि जुनसम्म उक्त हिमशिखरहरू आरोहण गर्न अनुमति लिने दलहरूलाई आरोहणको लागि नियमानुसार लाग्ने सलामी रकममा ५० प्रतिशत छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
सुशील जङ्गबहादुर राणा
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।